## जिल्ला विकास समितिको कार्यालय, ललितपुर

५९. **निष्क्रिय खाता** – विगत वर्षदेखि १२ खातामा रु.७४ लाख ६५ हजार मौज्दात रहेको छ । गत विगत वर्षदेखि नै जिम्मेवारी सर्दै आएको उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

६०. **अनुमोदन** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३८(१) बमोजिम जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही खर्च गर्नुपर्नेमा कार्यालयले सभापतिको तोक आदेशमा विविध विकास निर्माण शीर्षकबाट रु.६ लाख ७५ हजार खर्च लेखेको छ । उक्त रकम जिल्ला परिषद्बाट अनुमोदन समेत गराएको छैन ।

६१. **अनुदान** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा व्यावसायिक रुपमा स्थापित निजी विद्यालयलाई अनुदान उपलब्ध गराउने कानुनी व्यवस्था भएको देखिँदैन । जिल्ला विकास समितिले एक निजी विद्यालयलाई रु.१ लाख संघ संस्था अनुदान सहयोग शीर्षकबाट उपलब्ध गराएको नियमसम्मत देखिएन ।

६२. **औषधि उपचार** – जिल्ला विकास समितिले औषधि उपचार सहयोग गर्नुपर्ने आवश्यकता पुष्टि गर्ने आधार एवं चिकित्सकको प्रेष्क्रिप्शन प्रस्तुत नगरी १० व्यक्तिलाई रु.१ लाख १७ हजार औषधि उपचार सहयोग गरेको छ ।

६३. **उपहार** – कार्यालयले तत्कालीन स्थानीय विकास अधिकारीको विदाईको अवसरमा रु.३८ हजारको १ घडी उपहार प्रदान गरेको छ । कार्यालयले कर्मचारीको विदाईमा उपहार खरिद गर्ने सम्बन्धी कानुनी व्यवस्था भएको देखिँदैन ।

६४. **अनुगमन** – जिल्ला विकास समितिले उच्च मा.वि., युवा क्लव, टोल सुधार समिति लगायतलाई भवन निर्माण, उ.मा.वि. सञ्चालन समेतका लागि रु.१५ लाख १३ हजार अनुदान उपलब्ध गराएको छ । उक्त अनुदानको उपयोग स्थिति सम्बन्धमा अनुगमन गरेको देखिँदैन ।

- **स्थानीय विकास कोष –**

६५. **अधुरा योजना** – २०५६ सालदेखि अधुरा रहेका ८ गाउं विकास समितिमा सञ्चालित खानेपानी तथा सिंचाईका १८ योजनामा रु.७ लाख ५ हजार लगानी गरेकोमा हालसम्म योजना सम्पन्न नगरी अधुरो राखेको छ । उक्त योजनाहरु सम्पन्न गर्नेतर्फ सक्रियता अपनाउनुपर्ने देखिन्छ ।